# समितिको बैठकका निर्णयहरु

## (मिति २०७५साउन २२ देखि २०७६ असार २७ सम्म)

| क्र.सं. | मिति | एजेण्डा | निर्णय तथा निर्देशनहरु |
|---|---|---|---|
| १ | २०७५/०४/२२ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको भावी कार्यक्रम सम्बन्धमा प्रारम्भिक छलफल । | १. समितिको आजको प्रथम बैठकमा सर्वप्रथम समिति सचिवालयद्धारा समितिमा रहनु हुने माननीयज्यूहरुलाई स्वागत गरियो । तत्पश्चात् बैठकमा समितिका मा० सदस्यहरु एवं समिति सचिवालयका कर्मचारीहरुको परिचय आदान प्रदान गर्नुका साथै समितिको कार्यक्षेत्रका सम्बन्धमा समेत बैठकमा छलफल भयो । समितिका काम कारवाहीलाई कसरी प्रभावकारी बनाउने सम्बन्धमा समेत माननीय सदस्यहरुले आफ्नो भनाई राख्नु भयो । |
| २ | २०७५/०४/२९ | "राष्ट्रिय सरोकार तथा समन्वय समितिको कार्यविधि, २०७५"<br><br>सम्बन्धमा । | १. समितिको आजको बैठकमा "राष्ट्रिय सरोकार तथा समन्वय समितिको कार्यविवधि, २०७५" को मस्यौदा तयार पारी पाँच दिन भित्र समिति समक्ष पेश गर्न मा० दिल कुमारी रावल थापा (पार्वती) को संयोजकत्वमा देहाय बमोजिमका सदस्यहरु रहेको पाच सदस्यीय कार्यविधि मस्यौदा उपसमिति गठन भयो ।<br>मा० दिल कुमारी रावल थापा (पार्वती) संयोजक<br>मा० जिवन बुढा सदस्य<br>मा० प्रकाश पन्थ सदस्य<br>मा० रमेश प्रसाद यादव सदस्य<br>मा० रामपृत पासवान सदस्य |
| ३ | २०७५/०४/३० | राष्ट्रिय सरोकार तथा समन्वय समितिको कार्यविधि, २०७५"को मस्यौदा माथी छलफल . | उपसमितिको आजको बैठकमा राष्ट्रिय सरोकार तथा समन्वय समितिको कार्यविधि, २०७५को मस्यौदा तयारका लागि प्रारामि्भक छलफल भयो । |
| ४ | २०७५/०५/०१ | समितिको कार्यविधि, २०७५ सम्बन्धमा . | उपसमितिको आजको बैठकमा राष्ट्रिय सरोकार तथा समन्वय समितिको कार्यविवधि, २०७५को मस्यौदाको प्रतिवेदन समितिमा बुझाइयो । |
| ५ | २०७५/०५/१३ | समिति सभापतिको निर्वाचन सम्बन्धमा । | १. समितिको आजको बैठकमा यस समितिका सदस्य मा० दिपा गुरुङ प्रस्तावक तथा मा० रामचन्द्र राई समर्थक रहि मा० दिल कुमारी रावल थापा (पार्वती) लाई यस सभितिको सभापति पदमा निर्वाचित गरियोस् भन्ने एकमात्र सभापति पदको मनोनयन प्रस्तावको सम्बन्धमा छलफल भई राष्ट्रिय सभा नियमावली, २)७५ को नियम (५) को उपनियिम (४) बमोजिम मा० दिल कुमारी रावल थापा (पार्वती) लाई राष्ट्रिय सारेकार तथा समन्वय समितिको सभापति पदमा सर्वसम्मतीले निर्वाचित गरियो ।<br>२. समितिका नवनिर्वाचित समापति मा० दिल कुमारी रावल थापा (पार्वती) लाई सफल कार्यकालको शुभकामना सहित समितिको तर्फबाट हार्दिक बधाई ज्ञापन गरियो । |
| ६ | २०७५/०५/२० | "राष्ट्रिय सरोकार तथा समन्वय समितिको कार्यविधि, २०७५" पारित गर्ने सम्बन्धमा । | १. समितिको आजको बैठकले संलग्न बमोजिमको राष्ट्रिय सरोकार तथा समन्वय समितिको कार्यविधि, २०७५ सर्वसम्मतीले पारित भयो । |
| ७ | २०७५/०६/०५ | समितिको आगामी कार्यक्रम सम्बन्धमा छलफल ।<br><br>विविध । | १. मेलम्ची खानेपानी आयोजना तथा काठमाण्डौ तराई-मधेस द्रुतमार्गको क्रमश: २०७५/०६/१४ गते र २०७५/०६/१५ गते समितिको तर्फबाट स्थलगत अनुगमन गर्ने निर्णय भयो । मिति २०७५/०६/१४ र १५ गतेको उक्त स्थलगत अनुगमन भ्रमणको |

| | | | |
|---|---|---|---|
| | | | लागि आवश्यक तयारी गर्न समेत समिति सचिवालयलाई निर्देशन दिने ।<br><br>२. दशै, तिहार छठ, नेपाल सम्वत् बकर ईद, ल्होसार लगायतका महत्वपूर्ण चाडपर्वहरुको आगमनसंगै हरेक वर्ष बजारमा दैनिक उपभोग्य बस्तुहरुको कृत्रिम अभाव सृजना गरी कालावजारी हुने गरेको साथै सुरक्षा व्यवस्था समेत कमजोर हुने गरेको सन्दर्भमा देशभर शान्ति सुव्यवस्था कायम गर्न साथै कृत्रिम अभाव सृजना हुन नदिई कालाबजारी रोक्न नेपाल सरकार गृह मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिइयो ।<br><br>३. दशै, तिहार छठ, नेपाल सम्बत् बकर ईद, ल्होसार लगायतका महत्वपूर्ण चाडपर्वहरुको अवसरमा यात्रुहरुको आवागमन अत्याधिक हुने गरेको सन्दर्भलाई मध्यनजर राखि यात्रुहरुलाई सहज ढंगले आवागमनको व्यवस्थापन गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिइयो । |
| ८ | २०७५/०६/११ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सम्बन्धमा छलफल । | (१) चुरे क्षेत्रको मानव वस्ती व्यवस्थापन सम्बन्धमा आवश्यक अध्ययन गरी यथाशिघ्र उचित निर्णय गर्नुपर्ने साथै त्यस क्षेत्रमा भईरहको नदिजन्य पदार्थको दोहनका सम्बन्धमा आवधिक रुपमा नदिजन्य पदार्थहरु निकाल्नको लागि स्थानहरु तोकी अनियन्त्रीत रुपमा नदिजन्य पदार्थको दोहन हुनबाट रोक्ने, कानून विपरित सञ्चालन भईरहेका क्रसर उद्योगहरुलाई तत्काल कारबाहिको प्रकृया अगाडि बढाउने र चुरे क्षेत्रमा बृक्षरोपण तथा पोखरीनिर्माण जस्ता कार्यहरुलाई निरन्तर रुपमा अगाडि बढाउने ।<br><br>(२) चुरे क्षेत्रको संवेदनशिलता एवम् उर्भरता तथा मुलुकको विकासको आवश्यकतालाई समेत ध्यानमा राखि चुरे मैत्री कृषि र विकास मैत्री चुरे संरक्षण कार्यक्रम अगाडी बढाउने । |
| ९ | २०७५/०६/११ | मेलम्ची खानेपानी आयोजनाको विद्यामान अवस्थामा छलफल । | समितिको आजको बैठकमा खानेपानी मन्त्रालयका सचिव र मेलम्ची खानेपानी आयोजनाकापदाधिकारीहरुसंग राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको मेलम्ची खानेपानी आयोजनाको विद्यामान अवस्था तथा सम्पन्न हुने समयावधिका सम्बन्धमा विस्तृत रुपमा जानकारी लिईयो । समितिको पुर्वनिर्धारित कार्यक्रम अनुसार यहि २०७५ असोज १४ गते समितिले उक्त आयोजनाको स्थलगत अध्ययन भ्रमण गरे पश्चात् आयोजनालाई अझ व्यवस्थित ढंगले सञ्चालन गरी यथासम्भव छिटो काठमाडौ उपत्यकामा पानी वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने गरी आजको बैठक स्थगित भयो । |
| १० | २०७५/०६/१२ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत सञ्चालीत राष्ट्रिय गौरबका आयोजनाको सम्बन्धमा छलफल । | (१) सिक्टा सिचाई आयोजनाका सन्दर्भमा उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालयले गठन गरेको छानविन समितिको प्रतिवेदन तुरुन्त सार्वजनिक गर्न र आयोजना सञ्चालनको क्रममा देखिएका समस्याहरुलाई तत्काल समाधान गरी आयोजनालाई अविलम्ब अगाडि बढाउने सन्दर्भमा ठोस योजना वनाउन मन्त्रालयलाई निर्देशन दिने । साथै आयोजनाको तटिय क्षेत्रमा उत्पन्न हुन सक्ने सम्भावित समस्याहरुबारे सम्बन्धित स्थानीय तह तथा प्रभावित क्षेत्रको समुदायसंग समन्वय एवम् सहकार्य गरी आयोजना निर्माणको कामलाई अवरोध हुन नदिन आवश्यक तयारी गर्न मन्त्रालय र आयोजनालाई निर्देशन दिइयो ।<br><br>(२) अत्याधुनिक प्रविधि प्रयोग भएको भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना समयमै सम्पन्न गर्ने गरी योजनाबद्ध ढंगले पुर्ण तयारीका साथ अगाडी बढ्न साथै अन्य आयोजनाहरुमा समेत सोहि प्रकारका अत्याधुनिक प्रविधिको प्रयोग गरी निर्धारीत समयमै सम्पन्न गर्ने दिशामा अगाडि बढ्न नेपाल सरकार, उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिने ।<br><br>(३) जलविद्युतको क्षेत्रमा लगानीमैत्री वातावरण सृजना गर्न, स्वदेशी लगानीकर्तालाई प्रोत्साहन गर्न, अन्तर मन्त्रालय समन्वय एवम् सहकार्यलाई प्राथमिकताकासाथ अगाडि बढाउन र आयोजना सञ्चालनको क्रममा उचित दण्ड तथा पुरस्कारको नीतिगत व्यवस्था गरी अविलम्ब कार्यान्वयन गर्न नेपाल सरकार, उर्जा,जलस्रोत तथा सिंचाई |

| | | | |
|---|---|---|---|
| | | | मन्त्रालयलाई निर्देशन दिइयो । (४) माथिल्लो तामाकोशी जलविद्युत आयोजना तोकिएको समयमै पुरा गर्न तथा बुढीगण्डकी जलबिद्युत आयोजना (जलाशययुक्त)को सम्बन्धमा तत्काल उपयुक्त निर्णय गरी आयोजना निर्माणको कार्य अविलम्ब अगाडि बढाउन नेपाल सरकार, उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिइयो । |
| ११ | २०७५/०६/१४ | मेलम्ची खानेपानी आयोजनाको स्थलगत अनुगमनका सम्बन्धमा । | १.समितिको आजको बैठकमा पुर्वनिर्धारित कार्यक्रम अनुसार समितिको तर्फबाट मेलम्ची खानेपानी आयोजनाको स्थलगत अध्ययन भ्रमणको लागि आवश्यक पुर्वतयारी सम्पन्न गरीयो । २. समितिका सभापतिज्यूको नेतृत्वमा समितिका सम्पूर्ण मा० सदस्यहरु सहित स्थलगत अध्ययन भ्रमणको लागि आयोजना स्थलतर्फ प्रस्थान गर्ने निर्णय भयो । |
| १२ | २०७५/०६/१५ | संस्कृती पर्याटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत सञ्चालीत राष्ट्रिय गौरबका आयोजनाको सम्बन्धमा छलफल । | १. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको सम्पूर्ण कार्य सम्पन्न गरी अबको १ वर्षभित्र विमानस्थल सञ्चालनमा ल्याउन मन्त्रालय र आयोजनालाई निर्देशन दिइयो। २. निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको सम्बन्धमा बस्ती व्यवस्थापन, रुख कटानी लगायतका जनस्तरमा आएका चासो र सरोकारका विषयमा सरोकारवाला पक्षहरुसंग समन्वय गरी तत्काल टुङ्गोमा पुग्न र विमानस्थल निर्माणको कार्य यथाशिघ्र अगाडि बढाउन मन्त्रालय र आयोजनालाई निर्देशन दिइयो । ३. पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको लागि जग्गा अधिग्रहण र मुआब्जा वितरणको कार्य अविलम्ब सम्पन्न गरी निर्धारित समयभित्रै विमानस्थल निर्माणको कार्य सम्पन्न गर्न मन्त्रालय र आयोजनालाई निर्देशन दिइयो। ४. पशुपति क्षेत्र विकास कोषलाई पारदर्शी ढङ्गले सञ्चालन गर्न आवधिक रुपमा कोषमा प्राप्त भेटी तथा कोषको सम्पतीको विवरण सार्वजनिक गर्न, पशुपति क्षेत्र विकास कोषको जग्गा तत्काल यकिन गरी यथार्थ तथ्याङ्क सार्वजनिक गर्न, पशुपति आर्यघाटमा रहेका दुबै विद्युतीय शवदाह गृह सञ्चालन गरी आवश्यक्ताअनुसार शवदाह गृह थप गर्न र पशुपति क्षेत्र विकास कोषलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि यथाशिघ्र पशुपति क्षेत्र विकास कोषको गुरुयोजना तयार गर्न मन्त्रालय र पशुपति क्षेत्र विकास कोषलाई निर्देशन दिइयो। ५. लुम्बनी क्षेत्र विकास कोष अन्तर्गत Kenzo Tange को मास्टर प्लान समयमा नै पूरा गर्न, प्रोफेसर क्वाकको मास्टर प्लान कार्यान्वयन गर्ने विषयमा आवश्यक परामर्श गरी अगाडी बढ्न तथा बृहत्तर लुम्बनी गुरुयोजनाको काम दुर्त्ततर ढंगले अगाडि बढाउन मन्त्रालय र लुम्बनी क्षेत्र विकास कोषलाई निर्देशन दिइयो । |
| १३ | २०७५/०६/१६ | १.मेलम्ची खानेपानी आयो स्थलगत अनुगमनको समिक्षा २ं समितिको आगामि व सम्बन्धमा । | १. मेलम्ची खानेपानी आयोजनाको काम पछिल्लो समयमा दुतत्तर गतिमा भएतापनि निर्धारित समयमानै काठमाडौं उपत्यकावासीका घर-घरमा खानेपानी आईपुग्ने अवस्था देखिएन । मेलम्चीबाट दैनिक रुपमा आउने १७ करोड लिटर पानीमध्ये सुन्दरीजलमा ८.५ करोड लिटर पानीको लागि मात्र प्रशोधन केन्द्र बनेको पाईयो । प्रशोधन पश्चात् उपभोक्ताको घर-घरमा पानी पुऱ्याउने सम्बन्धमा मेलम्ची खानेपानी आयोजना र काठमाडौं उपत्यका खानेपानी लिमिटेड विच समन्वयको अभाव देखियो भने सुन्दरीजलमा रहेको प्रशोधन केन्द्रमा आवश्यक पर्ने प्राविधिक जनशक्तिको अभाव हुने अवस्था समेत देखियो । यसर्थः उपरोक्त समस्या समाधानका लागि समितिको अर्को बैठकमा खानेपानी मन्त्रालय, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, मेलम्ची खानेपानी आयोजना र शुल्क निर्धारण समितिसाग छलफल गरी आवश्यक निर्देशन दिने निर्णय भयो । २ आगामी २०७५ कार्तिक तेस्रो साता समितिको तर्फबाट दुईवटाराष्ट्रिय गौरवका आयोजनाहरु दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ, बारा र काठमाण्डौ तराई-मधेस द्रुतमार्गको स्थलगत अनुगमन गर्ने निर्णय भयो । उक्त स्थलगत अनुगमन टोलीमा |

| | | | |
|---|---|---|---|
| | | | समितिका सभापति सहित १४ जना माननीय सदस्यहरु र समिति सचिवालयका बढिमा ३ जना कर्मचारीहरु रहने गरी तीन दिनको कार्यक्रमको सचिवालयको तर्फबाट आवश्यक तयारी गर्न समिति सचिवालयलाई निर्देशन दिईयो। |
| १४ | २०७५/०८/१२ | समितिका विगतमा कामकार समिक्षा,विगतको निर्णयानुसार हुन बाँकि कार्यक्रमहरुको त समितिका आगामि व सम्बन्धमा छलफल । | १) मिति २०७५/०८/१७ गते समितिको तर्फबाट मेलम्ची खानेपानी आयोजनाको सुन्दरीजलमा रहेको पानी प्रशोधन केन्द्र लगायत आयोजना संग सम्बन्धीत अन्य विषयहरुको समेत स्थलगत अवलोकन गर्ने र सो कार्यक्रमको लागि आवश्यक तयारी गर्न समिति सचिवायलाई निर्देशन दिइयो ।<br><br>२) समितिको कार्यक्षेत्र अन्तर्गत तहगत राज्य संरचनाको विकासमा समन्वय सम्बन्धी विषष्य रहेकोले समितिको मिति २०७५/०८/१९ गते बस्ने बैठकमा संघ, प्रदेश तथा स्थानिय तह विचको समन्वयको अवस्था, स्रोत संकलन तथा बाँडफाँड, विद्यमान अवस्थामा देखापरेका समस्याहरु र समन्यायिक विकासमा एक-आपसमा अपेक्षीत भूमिकाको सम्बन्धमा माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्रीज्यू, माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यू, माननीय अर्थमन्त्रीज्यू, उपरोक्त मन्त्रालयका सचिवज्यूहरु, जि.स.स.महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघ नेपाल संग छलफल गर्ने । सो क्रममा आवश्यक कानून निर्माण, संगठनात्मक संरचना तथा कर्मचारी व्यवस्थापन, आन्तरिक स्रोत परिचालन, संघ तथा प्रदेश वाट प्राप्त अनुदान, स्थानिय शासन सञ्चालनको क्रममा देखा परेका समस्याहरु तथा संघीय सरकारसंगको अपेक्षा सम्बन्धमा जि.स.स.महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघ नेपाल बाट प्रस्तुतिकरण तथा सो सम्बन्धमा मा० कानून न्याय तथा संसदीय मामीला मन्त्रीज्यू मा० संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यू र मा० अर्थ मन्त्रीज्यूबाट सो सम्बन्धमा भएका कामकारबाहिको जानकारी लिई समितिको तर्फबाट आवश्यक निर्देशन दिइयो ।<br><br>३) समितिको मिति २०७५/०६/०५ को निर्णयानुसार छलफल हुन बाँकि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतका सातवटा राष्ट्रिय गौरवका आयोजना सम्बन्धमा मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री, मन्त्रालयका सचिव तथा सम्बन्धित आयोजनाका प्रमुखहरुसंग समितिको मिति २०७५/०८/२० गते बस्ने बैठकमा छलफलगरियो ।<br><br>४) समितिको मिति २०७५/६/१६ को निर्णयानुसार तय भएको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ, बाराको स्थलगत अवलोकन कार्यक्रम विविध कारणवश तत्कालको लागि स्थगित भएकोमा सो कार्याक्रम यहि मिति २०७५/०८/२४ र २५ गते सम्पन्न गर्ने र सो कार्यक्रमको लागि आवश्यक तयारी गर्न समिति सचिवायलाई निर्देशन दिइयो । |
| १५ | २०७५/०८/१७ | मेलम्ची खानेपानी आयोजना अन्तर्गत सुन्दरीजलमा रहेको पानी प्रशोधन केन्दको अनुगमन सम्बन्धमा । | १.समितिको आजको बैठकमा पुर्वनिर्धारित कार्यक्रम अनुसार समितिको तर्फबाट मेलम्ची खानेपानी आयोजना अन्तर्गत सुन्दरीजलमा रहेको पानी प्रशोधन केन्द्र तथा त्यस वरपररहेका आयोजनासंग सम्बन्धित अन्य भौतिक संरचनाहरुको स्थलगत अध्ययन भ्रमणको लागि आवश्यक पुर्वतयारी सम्पन्न गरीयो ।<br><br>२. समितिका सभापतिज्यूको नेतृत्वमा समितिका सम्पूर्ण मा० सदस्यहरु सहित स्थलगत अध्ययन भ्रमणको लागि सुन्दरीजल प्रस्थान गर्ने निर्णय भयो । |
| १६ | २०७५/०८/१९ | संघ, प्रदेश तथा स्थानिय तह विचको समन्वयको अवस्था, स्रोत संकलन तथा बाँडफाँड, विद्यमान अवस्थामा देखापरेका समस्याहरु र समन्यायिक विाकासमा एक-आपसमा अपेक्षीत भूमिकाको | समितिको आजको बैठकमा संघ, प्रदेश तथा स्थानीय तह विचको समन्वयको अवस्था, स्रोत संकलन तथा बाडँफाडँ, विद्यमान अवस्थामा देखापरेका समस्याहरु र समन्यायीक विकासमा एक-आपसमा अपेक्षीत भूमिकाको सम्बन्धमा मा० कानून न्याय तथा संसदीय मामीला मन्त्रीज्यू, मा० संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यू र मा० अर्थ मन्त्रीज्यू, सचिवज्यूहरु तथा जिल्ला समन्वय समिति महासंघ र गाउँपालिका राष्ट्रिय महासंघ नेपालका पदाधिकारीसंग छलफल गरी छलफलका क्रममा उठेका सवालहरुको |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धमा छलफल । | सम्बन्धमा समितिको तर्फबाट देहायबमोजिम निर्देशन दिने निर्णय भयो ।<br><br>१. संघ, प्रदेश तथा स्थानीय तह विच समन्वय कायम गर्न संघीय संसदले नेपालको संविधानको धारा १३५(१) बमोजिम निर्माण गर्नुपर्ने कानूनको तयारी गरी संसदको आगामी अधिवेशन शुरु हुनासाथ संसदमा विधेयक पेश गर्न, प्रदेश तथा स्थानीय तहका लागी आवश्यक पर्ने कानूनहरुलाई मन्त्रालयले उच्च महत्वकासाथ अगाडी बढाउन, प्रदेश तथा स्थानीय तहको लागी आवश्यक नमुना कानूनहरु तयार गरी उपलब्ध गराउन, सविंधान अनुरुप संशोधन गर्नुपर्ने ऐनहरु तत्काल संशोधनको प्रकृया अगाडी वढाउन कानून न्याय तथा संसदीय मामिला मन्त्रालयलाई निर्देशन दिने ।<br><br>२. प्रदेश तथा स्थानीय तहमा स्वीकृत संगठनात्मक संरचना बमोजिमको हाल सम्म पनि कर्मचारीहरु व्यवस्थापन हुन नसकेकोले मानव संशोधनको अभावमा प्रदेश तथा स्थानीय तह क्रियाशिल हुन नसकेको भन्ने गुनासो आईरहेको सन्दर्भमा कर्मचारीहरुका जायज मागहरुको सम्बोधन गर्दै राष्ट्रसेवकहरु उच्च मनोवलकासाथ प्रदेश तथा स्थानीय तहमा कामकाज गर्न जान ईच्छुक हुने कानूनी व्यवस्था गरी कर्मचारी समायोजन प्रकृया अगाडी बढाउन र संघिय निजामती ऐन, प्रदेश निजामती सेवा तथा स्थानीय सेवा ऐनको विधेयक संसदको आगामी अधिवेशन सुरु हुनासाथ संसदमा पेश गर्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने ।<br><br>३. प्रदेश तथा स्थानीय तहमा सञ्चालीत आयोजनाहरुलाई संघबाट प्रदान गरिने अनुदान प्रयाप्त मात्रामा उपलब्ध गराउने,रोयल्टीको बाडफाडंमा देखिएका अष्पस्टता तत्काल टुङ्गाउन, प्रदेश तथा स्थानीय तहको स्रोत परिचालनको क्षमता तथा आन्तरिक स्रोत साधनको प्रयाप्तता जस्ता कुराहरुलाई ध्यानमा राखि आगामी बजेटमा अनुदानको रकम परिमार्जन गर्दै जान र निर्वाचन क्षेत्र साझेदारी कार्यक्रमलाई आगामी आर्थिक वर्षहरुमा अझ व्यवस्थीत एव्म साझेदारीमुलक ढंगले अगाडी बढाउन अर्थ मन्त्रालयलाई निर्देशन दिने । |
| १७ | २०७५/०८/२० | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सञ्चालित राष्ट्रिय गौरवको आयोजनाहरुका सम्बन्धमा माननीय मन्त्री तथा सम्बन्धीष आयोजना प्रमुखहरुसंग छलफल । | १.नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाको रुपमा सञ्चालन गरेका आयोजनाहरु सम्पन्न भईसक्दा मुलुक साँच्नै नयाँ युगमा प्रवेश गरेको नागरिकहरुले अनुभुती पाउनेछन् । त्यसमाथी पनि भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत रहेका सडक तथा रेल वे संग सम्बन्धित राष्ट्रिय गौरवका आयोजनाहरु सम्पन्न भएपश्चात् connectivity को दृष्टिले समेत मुलुकले फड्को मार्नेछ र अन्य आयोजनाहरुको लागि समेत प्रयाप्त सडक पुर्वाधार उपलब्ध भई नयां आयोजनाहरु सञ्चालन गर्न सहजता हुने देखिन्छ । यसर्थ राष्ट्रिय सरोकार तथा समन्वय समितिले भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतका राष्ट्रिय गौरवको आयोजनाहरुलाई विशेष चासोकासाथ निरन्तर निगरानी गरिरहेको छ ।<br><br>२.मन्त्रालय अन्तर्गतका राष्ट्रिय गौरवको आयोजनाहरु मध्ये हुलाकि लोकमार्ग, पुष्पलाल लोकमार्ग, कोशी लोकमार्ग र कर्णाली लोकमार्गलाई आगामी चार वर्ष (आ.व. २०७९/८०) भित्र सम्पन्न गर्नको लागि तत्काल देखा परेका जग्गा अधिग्रहण, रुख कटानी, विष्फोटक पदार्थको अभाव जस्ता समस्याहरु तत्काल समाधान गरी आयोजनाहरुलाई निर्वाध रुपमा सञ्चालन गर्ने वातावरण सृजना गर्न र प्रदेश तथा स्थानिय तह संगको समन्वय तथा अन्तर मन्त्रालय समन्वयलाई ध्यानमा राखि आयोजनाहरु सञ्चालन गर्न समिति भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय तथा सम्बन्धित राष्ट्रिय गौरवको आयोजनालाई निर्देशन दिन्छ ।<br><br>३.त्यसैगरी कालिगण्डकी लोकमार्गलाई आगामि दुई आ.व. भित्र सम्पन्न गरी सञ्चालनमा ल्याउनेगरी आयोजनालाई द्रुततर रुपमा अगाडि बढाउन साथै रेल वे connectivity लाई नागरिकले उच्च महत्वकासाथ हेरेको सन्दर्भमा रेल वे तथा मेट्रो विकास आयोजनालाई प्रर्याप्त स्रोत साधन तथा दक्ष जनशक्ति उपलब्ध गराउन र आयोजना लाई |

| | | | |
|---|---|---|---|
| | | | उच्च महत्वकासाथ अगाडि बढाउन समिति भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय तथा रेल वे तथा मेट्रो विकास आयोजनालाई निर्देशन दिन्छ । |
| १८ | २०७५/०९/०३ | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ बाराको प्रतिवेदन सम्बन्धमा छलफल । | समितिको आजको बैठकमो दोस्रो अर्न्तराष्ट्रिय विमानस्थल निजगढ बाराको स्थलगत अनुगमन सम्बन्धी प्रतिवेदन सम्बन्धमा प्रारम्भीक छलफल भयो । |
| १९ | २०७५/०९/०४ | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ बाराको स्थलगत अनुगमन सम्बन्धी प्रतिवेदन सम्बन्धमा । | समितिको आजको बैठकमा संलग्न बमोजिमको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ बाराको स्थलगत अनुगमन सम्बन्धी प्रतिवेदन पारित गरी समितिको तर्फबाट मा० सभापतिले राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू समक्ष पेश गर्ने निर्णय भयो । |
| २० | २०७५/०९/१८ | १.समितिको त्रैमासिक कार्ययोजना पारित गर्ने सम्बन्धमा ।<br><br>२. विविध । | १. समितिको आजको बैठकमा संलग्न बमोजिमको राष्ट्रिय सरोकार तथा समन्वय समितिको त्रैमासिक कार्ययोजना पारित गरी सो बमोजिमका कार्यक्रमहरुको कार्यान्वयनको सम्पुर्ण तयारी गर्न समिति सचिवालयलाई निर्देशन दिईयो ।<br><br>२. समितिको मिति २०७५/०९/२३ गते सोमबार विहान ११ बजे बस्ने बैठकमा कर्मचारी समायोजन सम्बन्धी विषयमा देखिएका समस्याहरु तथा समाधानका उपायहरु सम्बन्धमा माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री, माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, उपरोक्त मन्त्रालयका सचिवहरु, निजामती कर्मचारीको आधिकारीक ट्रेड युनियनका अध्यक्ष एव्म महासचिव र संघीय संसद सचिवालय कर्मचारी युनियनका अध्यक्ष तथा सचिवसंग छलफल गर्ने निर्णय भयो । |
| २१ | २०७५/०९/२३ | कर्मचारी समायोजन सम्बन्धी विषयमा छलफल । | समितिको आजको बैठकमा कर्मचारी समायोजन सम्बन्धी विषयमा देखिएका समस्याहरु तथा समाधानका उपायहरु सम्बन्धमा माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री, माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, उपरोक्त मन्त्रालयका सचिवहरु, निजामती कर्मचारीको आधिकारीक ट्रेड युनियनका र संघीय संसद सचिवालय कर्मचारी युनियनका पदाधिकारीसंग छलफल भई देहाय बमोजिम निर्देशन दिने निर्णय भयो ।<br><br>१. नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र निजामती कर्मचारीको आधिकारीक ट्रेड युनीयनबिच मिति २०७५/०९/१९ गते भएको ९ बुँदे सम्झौता तत्काल कार्यन्वयन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने ।<br><br>२. प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन सम्बन्धमा देखिएका समस्यालाई संविधानले मार्गदर्शन गरे अनुरुप हुने गरी यथाशिघ्र समाधान गर्न र कर्मचारीहरुको तर्फबाट बारम्बार उठाईदै आएका सेवा सुविधा र वृत्ती विकासका अवसरमा अवरोध नहुने गरी संघीय निजामती सेवा विधेयकमा व्यवस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कानून न्याय तथा संसदीय मामिला मन्त्रालय लाई निर्देशन दिने ।<br><br>३. कर्मचारी समायोजन ऐन २०७४ ले संसद सेवाका कर्मचारीहरुको सम्बन्धमा गरेको व्यवस्थामा संकुचन हुने प्रावधान कर्मचारी समायोजन अध्यादेशमा रहेकोले समायोजन हुन चाहने संसद सेवाका कर्मचारीहरुलाई समेत अन्य सरकारी सेवाका कर्मचारीहरु सरह तीनै तहमा समायोजन हुने व्यवस्था मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने ।<br><br>४. जिम्मेवार र अनुशासित रुपमा समायोजन प्रकृयामा सहभागी भई संघीयता कार्यान्वयनको ऐतीहासिक प्रकृयामा सहयोग पुऱ्याउन सबै राष्ट्रसेवक कर्मचारीहरुलाई निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| २२ | २०७५/१०/०९ | समितिका माननीज्यूहरुलाई दिइने अभिमुखीकरण कार्यक्रम सम्बन्धमा । | समितिको आजको बैठकमा समितिको कार्यक्षेत्र अन्तर्गतको विषय तहगत राज्य संरचनाको विकासमा समन्वय सम्बन्धमा संघ, प्रदेश तथा स्थानीयतह विषयको समन्वयको अवस्था, कर्मचारी व्यवस्थापन लगायतका विषयमा नेपाल सरकारका पूर्व सचिव श्री वालानन्द पौडेलबाट कार्यपत्र प्रस्तुतीकरण भयो । |
| २३ | २०७५/१०/१० | राष्ट्रिय गौरवको आयोजना मेलम्ची खानेपानी आयोजनामा देखिएको अन्यौलता सम्बन्धमा छलफल । | १) मेलम्ची खानेपानी आयोजनामा देखिएको अन्यौलता तत्काल अन्त्य गर्न काममा नफर्कने र आलटाल गर्ने ठेकेदार कम्पनीसँग करार रद्द गरी अन्य विकल्प खोज्नुपर्ने देखिएकोले आयोजनाको बाँकी कामको लागि Global Tenderमा जादा लामो समय लाग्ने र आयोजनाको काम अझै लम्बिने हुादा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको व्यवस्थाको अधिनमा रही नेशनल टेण्डर मार्फत् अगाडी बढाउन नेपाल सरकार, खानेपानी मन्त्रालय र मेलम्ची खानेपानी आयोजनालाई निर्देशन दिईयो।<br><br>२) एक आपसमा सहकार्य, समझदारी र निरन्तर औपचारिक तथा अनौपचारिक छलफल, वहस, र बैठक मार्फत् आयोजनाको काम समन्वयात्मक ढङ्गले अगाडी बढाउन आयोजनासाग सम्वन्धित सम्पूर्ण निकायहरुलाई निर्देशन दिईयो । |
| २४ | २०७५/१०/११ | स्थानीय तहको कामबारवाही सम्बन्धमा । | १) नगरको फोहर व्यवस्थापन, धुलोधुँवा एवम् प्रदुषण नियन्त्रण, ट्राफिक व्यवस्थापन जस्ता विषयलाई पहिलो प्राथमिकतामा राखी बजेट तथा योजना निर्माण एवम् कार्यान्वियन गर्न निर्देशन दिने ।<br><br>२) राज्यका तहगत संरचना (संघ, प्रदेश र स्थानीय तह) विचमा बजेट तथा योजना निर्माण, कार्यान्वियन तथा कानून निर्माणमा सहकार्य र समन्वय गरी अघि बढ्न निर्देशन दिने । |
| २५ | २०७५/१०/१५ | समितिको प्रादेशिक अन्तरक्रिया सम्बन्धमा । | समितिको आजको बैठकमा समितिको कार्यक्षेत्र अन्तर्गतको विषय "तहगत राज्य संरचनाको विकासमा समन्वय" सम्बन्धमा समितिले सातओटै प्रदेशमा सम्पन्न गर्ने प्रादेशिक अन्तरक्रिया कार्यक्रम सम्बन्धमा छलफल भयो । |
| २६ | २०७५/१०/१७ | भूकम्पपछि राष्ट्रिय पुननिर्माण प्राधिकरणले गरेको कामकारबाही सम्बन्धमा छलफल । | १. विद्यालय, स्वास्थ्य चौकी तथा सामुदायिक भवनको पुनःनिमार्ण कार्य पहिलो प्राथमिकतामा राखी अगाडी बढाउन, निजी आवास निर्माण कार्य यथाशिघ्र सम्पन्न गर्न र एकिकृत वस्ती निर्माणमा विशेष पहल कदमी लिन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणलाई निर्देशन दिने ।<br><br>२. धार्मिक, ऐतिहासिक, सांस्कृतिक सम्पदाको पुनःनिर्माण कार्य गर्न त्यस्ता सम्पदाको ऐतिहासिक पुरातात्विक महत्व र मुल्यमान्यतामा विशेष ध्यान राख्दैं गुणस्तरीयतालाई कायम हुनेगरी तोकिएको समय सिमाभित्र सम्पन्न गर्न निर्देशन दिने ।<br><br>३.राज्यका तहगत संरचनाहरुविच समन्वय, सहकार्य र समझदारिको वातावरण सृजना हुने गरी राष्ट्रिय पुनःनिर्माण प्राधिकरणसंग सम्बन्धीत संरचनाहरुलाई क्रियाशिल बनाउन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणलाई निर्देशन दिने ।<br><br>४. काठमाडौं उपत्यकाभित्रका परम्परागत तथा प्राचिन वस्तिहरु पुनःनिमार्णमा विशेष ध्यान दिन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणलाई निर्देशन दिने । |
| २७ | २०७५/११/०६ | राष्ट्रिय गौरवको आयोजनाको जिम्मेवारी सम्बन्धमा छलफल । | नेपाल सरकारले उच्च महत्वका साथ अघि बढाएका २१ वटा राष्ट्रिय गौरवका आयोजनाहरुको सम्बन्धमा समग्र वस्तुस्थिति, कामको वित्तीय तथा भौतिक कार्यान्वयनका अवस्था र कार्य प्रगतिमा भई रहेको ढिलासुस्ती तथा बाधा, चुनौतिका अवस्थाबारे जानकारी लिने र आयोजनालाई व्यवस्थित, प्रभावकारी र गुणस्तरीयता कायम गर्दै तोकिएको समयमा सम्पन्न गर्न राष्ट्रिय सरोकार तथा समन्वय समितिले समितिका माननीय सदस्यहरुलाई राष्ट्रिय गौरवका आयोजनाहरुमा समन्वय तथा अनुगमन गर्न र वास्तविक अवस्था पत्ता लगाउन बैठकले जिम्मेवारी दिने निर्णय गरेको । |

| | | | |
|---|---|---|---|
| २८ | २०७५/१२/१२ | समितिले हालसम्म गरेको कामकारबाहीको समिक्षा । | १)राष्ट्रिय सभाको मिति २०७५।१२।०४ को बैठकबाट यस समितिबाट विधायन समितिमा जिम्मा हेरफेर भई जानु भएका माननीय प्रकाश पन्थले यस समितिमा गर्नु भएको योगदान प्रति धन्यवाद ज्ञापन गर्दै यस सोही मितिको बैठकबाट यस समितिमा आउनु भएका माननीय बद्री प्रसाद पाण्डेलाई स्वागत गरियो ।<br><br>२) समितिको आजको बैठकमा हालसम्म यस समितिबाट गरिएको कामकारबाहीका सम्बन्धमा सामान्य छलफल गरियो । |
| २९ | २०७५/१२/१३ | राष्ट्रिय गौरवको आयोजना सम्बन्धी माननीय सदस्यहरुको जिम्मेवारी हेरफेर सम्बन्धमा । | १) समितिको आजको बैठकमा २१ वटा राष्ट्रिय गौरवका आयोजनाका सन्दर्भमा माननीय सदस्यहरुको आ-आफ्नो जिम्मेवारीका आयोजनाको सम्मबन्धमा भएगरेका विवरण पेश गर्नु भयो । प्रस्तुत प्रतिवेदन र छलफलको आधारमा सवै राष्ट्रिय गौरवको आयोजनाको निरन्तर अनुगमन र निगरानी जारी राख्दै, मेलम्ची खानीपानी आयोजना, काठमाडौं-तराई द्रुत मार्ग र बुढीगण्डकी जलविद्युत आयोजनाका सम्बन्धमा सम्बन्धीत पक्षसंग तत्काल छलफल गर्ने निर्णय गरियो ।<br><br>२) राष्ट्रिय सभाको मिति २०७५।१२।०४ को बैठकबाट यस समितिमा आउनु भएका माननीय बद्री प्रसाद पाण्डेलाई २१ वटा राष्ट्रिय गौरवका आयोजनाहरु मध्ये कालीगण्डकी करिडोर र पश्चिम सेती जलविद्युत आयोजनाको समन्वय तथा अनुगमन गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।<br><br>३) समितिको मिति २०७५।११।०६ को बैठक बाट गरिएको निर्णयनुसार मा इन्दु कडरीया लाई राष्ट्रिय गौरवका आयोजनका सम्बन्धमा दिएको पश्चिम सेती जलविद्युत आयोजनाको समन्वय तथा अनुगमन गर्ने जिम्मेवारी माननीय बद्री प्रसाद पाण्डलाई दिने निर्णय गरियो ।<br><br>४) यस समितिमा शाखा अधिकृत भई काम गर्नु भएका श्री जितेन्द्र किशोर गुप्ता प्रदेश नं २ मा समायोजन भै जानुभएकोले यस समितिमा गर्नु भएको योगदान प्रति धन्यवाद ज्ञापन गर्दै उहाँको आगामी कार्यकालको लागी समितिको तर्फबाट सुभकामना व्यक्त गरियो । |
| ३० | २०७६/०१/१२ | प्रदेश नं ३ को प्रादेशिक अन्तरक्रिया कार्यकम सम्बन्धमा छलफल । | आजको यस बैठकमा तहगत राज्य संरचना सम्बन्धमा गरिएको प्रदेश नं ३ को अन्तरक्रिया कार्यक्रमको समिक्षा गरियो । |
| ३१ | २०७६/०१/१७ | प्रादेशिक अन्तरक्रिया कार्यकमको प्रतिवेदन सम्बन्धमा प्रारम्भिक छलफल । | आजको यस बैठकमा तहगत राज्य संरचना सम्बन्धमा गरिएको सात वटै प्रदेश को अन्तरक्रिया कार्यक्रमको रिर्पोट लेखन कार्यको लागी प्रारम्भिक छलफल गरियो । |
| ३२ | २०७६/०१/१९ | प्रादेशिक अन्तरक्रिया कार्यकमको प्रतिवेदन सम्बन्धमा छलफल । | आजको यस बैठकमा तहगत राज्य संरचना सम्बन्धमा गरिएको सात वटै प्रदेश को अन्तरक्रिया कार्यक्रमको सचिवालयले तयार पारेको रिर्पोट माथी छलफल गरियो । |
| ३३ | २०७६/०१/२६ | प्रादेशिक अन्तरक्रिया कार्यकमको प्रतिवेदनलाई पारित गर्ने सम्बन्धमा । | आजको यस बैठकमा तहगत राज्य संरचना सम्बन्धमा गरिएको सात वटै प्रदेश को अन्तरक्रिया कार्यक्रमको रिर्पोटलाई पारित गरियो । |
| ३४ | २०७६/०१/२९ | राष्ट्रिय गौरवको आयोजना सम्बन्धमा छलफल । | आजको यस बैठकमा मिति २०७५।११।०६ बसेको यस समितिको बैठकले प्रत्येक माननीय सदस्यलाई जिम्मा दिएको राष्ट्रिय गौरवका आयोजनाको हालसम्म भएको प्रगति विवरण माथी छलफल गरियो । |
| ३५ | २०७६/०२/१४ | राष्ट्रिय गौरवको आयोजना | समितिको आजको बैठकमा राष्ट्रिय गौरवको आयोजना काठमाडौ तराई-मधेश द्रुतमार्ग |

| | | | |
|---|---|---|---|
| | | काठमाडौं तराई -मधेश द्रुत मार्ग सम्बन्धमा छलफल । | का आयोजनाप्रमुख लगायत आयोजनासंग सम्बद्ध पदाधिकारीहरुसंग आयोजनाको विद्यमान अवस्थाको बारेमा छलफल भई देहाय बमोजिम निर्देशन दिने निर्णय भयो ।<br><br>१. राष्ट्रिय गौरवको आयोजना काठमाडौ तराई-मधेश द्रुतमार्गको विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) तत्काल स्वीकृत गरि आयोजनालाई निर्वाध रुपमा सञ्चालन गर्ने वातावरण सृजना गर्न नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई निर्देशन दिने ।<br><br>२. काठमाडौ तराई-मधेश द्रुतमार्ग निर्माणको क्रममा जग्गा अधिग्रहण गर्नुपर्ने ललितपुरको खोकना लगायत विभिन्न स्थानको जग्गाको मुआव्जा वितरणको सम्बन्धमा देखिएको समस्या, सम्बद्ध सरोकारवाला हरुसंग छलफल गरि तत्काल सुल्झाउन नेपाल सरकार गृह मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय र काठमाडौ तराई-मधेश द्रुतमार्ग आयोजना लाई निर्देशन दिने।<br><br>३. आयोजनाको निर्माण क्षेत्रमा पर्ने विभिन्न स्थानिय तहहरुसंग समन्यव र सहकार्य गरि आयोजनालाई अगाडि बढाउन, स्थानीय निर्माण सामाग्रीहरुको उपयोगलाई प्राथमिकतामा राखि वातावरणमैत्री ढंगले निर्माणकार्य सञ्चालन गर्न काठमाडौ तराई-मधेश द्रुतमार्ग आयोजना लाई निर्देशन दिने ।” |
| ३६ | २०७६/०२/२० | बुढीगण्डकी जलविद्युत्त आयोजना सम्बन्धमा छलफल । | १.आयोजना प्रभावित क्षेत्रमा मुआब्जा निर्धारण गर्न बाँकी सम्पूर्ण जग्गाको तुरुन्तै मुआब्जा निर्धारण गरि मुआब्जा वितरण प्रकृया अबिलम्ब अगाडि बढाउन भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र गृह मन्त्रालयलाई निर्देशन दिने ।<br><br>२. DPR अनुसार १२०० मेघावटलाई विद्युत उत्पादन गर्नका लागि आवश्यक प्रकृया पुरा गरी आयोजना निर्माणको कार्य तत्काल अगाडि बढाउन उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र बुढिगण्डकी जलविद्युत आयोजनालाई निर्देशन दिने ।<br><br>३.आयोजना निर्माणको क्रममा आयोजनासंग आवश्यक समन्वय र सहयोग गर्न स्थानीय सरोकार समितिलाई सुझव दिने । |
| ३७ | २०७६/०३/०५ | पशुपति क्षेत्र विकास कोष सम्बन्धमा छलफल । | १.पशुपति क्षेत्र विकास कोषको गुरु योजना तत्काल निर्माण गर्न पशुपति क्षेत्र विकास कोषलाई निर्देशन दिने ।<br><br>२. पशुपति क्षेत्रको धार्मिक ऐतिहासिक एवंम साँस्कृतिक महत्वलाई कायम राखि यसको निर्माण, पुननिर्माण संरक्षण सम्बर्द्धन गर्न विशेष ध्यान दिन पशुपति क्षेत्र विकास कोषलाई निर्देशन दिने ।<br><br>३. पशुपति क्षेत्र भित्र रहेका पशुपंक्षी तथा जनावरहरुको उचित संरक्षण , विकास र उचित व्यवस्थापनका लागि आवश्यक निकायहरु विच समन्वय र सहकार्य गरी अगाडि बढ्न पशुपति क्षेत्र विकास कोषलाई निर्देशन दिने ।<br><br>४. पशुपति मन्दीरको नाममा प्राप्त भेटी (नगद तथा जिन्सी)को पारदर्शीरुपमा हिसाब किताव राख्न पशुपति क्षेत्र विकास कोषलाई निर्देशन दिने ।<br><br>५. पशुपति क्षेत्रको प्रशासनिक एवंम सुरक्षा सम्बन्धी विषयमा आवश्यक व्यवस्था मिलाउन सम्बन्धीत मन्त्रालयलाई निर्देशन दिने ।<br><br>६. पशुपतिको स्वामित्वमा रहेका जग्गा जमिनको आम्दानी बाँदी समयानुकुल पुन मुल्याङ्कन गरी उचित व्यवस्थापन गर्न सम्बन्धीत पक्षलाई निर्देशन दिने ।<br><br>७. पशुपति क्षेत्रको जलवायु संरक्षण र विकासका लागी बागमती लगायतका नदि, श्लेषमान्तक वन, शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्र , नागार्जुन क्षेत्र आदिको उचित संरक्षण र विकासमा पर्याप्त ध्यान दिन सम्बन्धीत निकायलाई निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | | ८. पशुपतिको नाममा रहेको सम्पुर्ण जग्गा जमिनको नाप नक्सा गरि पशुपति क्षेत्र विकास कोषको नाममा जग्गाधनी पुर्जा बनाई सम्बन्धीत निकायमा प्राप्त गर्न गराउन सम्बन्धीत मन्त्रालयलाई निर्देशन दिने । |
| ३८ | २०७६/०३/१३ | दोस्रो अन्तर्राष्ट्रिय विम निजगढको हालसम्मको विवरण माथी छलफल । | १.दोस्रो अन्तरार्ष्टिय विमानस्थल निजगढ कुन Model मा आयोजना निर्माण गर्ने हो, सो सम्बन्धी निर्णय यथाशीघ्र गर्न नेपाल सरकारलाई निर्देशन दिने ।<br><br>२. डिटेल डिजाईन अनुसार विमानस्थलको धावनमार्ग र आवश्यक पूर्वाधार निर्माणका लागि आवश्यक स्थानका रुखहरु मात्र कटान गर्ने अनुमति प्रदान गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।<br><br>३. टाँगीया वस्तीका सर्वसाधारणलाई उचित स्थानान्तरणको व्यवस्थापन कार्य तुरुन्त गर्न नेपाल सरकारलाई निर्देशन दिने । |
| ३९ | २०७६/०३/२७ | समितिको आगामी कार्यक्रम सम्बन्धमा । | १.समितिको आजको वैठकमा समिति गठन भए पश्चात हाल सम्म समितिले गरेका काम कारबाही बारे समिक्षा भयो । साथै समितिले आफ्नो कार्यक्षेत्र भित्रका विषयमा आगामी दिनमा सम्पादन गर्नुपर्ने कार्य सम्बन्धमा समितिका मा० सदस्यहरुले आ-आफ्नो धारणा प्रस्तुत गर्नुभयो ।<br><br>२. राष्ट्रिय सभा नियमावलीको व्यवस्था बमोजिम आ.ब २०७५/७६ को समितिको वार्षिक प्रतिवेदन सभामा पेश गर्नुपर्ने सन्दर्भमा समितिको वार्षिक प्रतिवेदन माथी छलफल गरी अन्तीम रुप दिन समितिका सदस्य तथा समिति सचिवालयका कर्मचारी सहभागी हुने गरी दुई दिने आवासीय कार्यक्रमको लागी आवश्यक तयारी गर्न समिति सचिवालयलाई निर्देशन दिईयो । |